# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०४।०२ गते।

# प्रेस विज्ञप्ति

**विषय:** आर्थिक वर्ष २०७६/७७ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सम्पादित कार्यहरुको संक्षिप्त विवरण।

संवैधानिक र कानूनी व्यवस्थानुरुप दण्डात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासको रणनीतिलाई अंगीकार गरी आयोगले कार्यसम्पादन गर्दै आएको छ । आर्थिक वर्ष २०७६/७७ मा सम्पादन गरिएका प्रमुख कार्यहरूको संक्षिप्त विवरण देहायमा प्रस्तुत गरिएको छ ।

**उजुरी र फछ्यौंटको अवस्था**

- आ.व. २०७६/७७ मा आयोगमा प्राप्त २४,८९० उजुरी मध्ये १६,५८६ फछ्यौंट गरिएका छन्, जुन उजुरी संख्याको करिब ६६.६४% हुन आउँछ । यस आ.व. मा उजुरीको वर्गीकरण र प्रारम्भिक छानविनपछि १,११४ उजुरीको विस्तृत अनुसन्धान गर्ने निर्णय गरिएको छ। गत आ.व. २०७५/७६ को तुलनामा यस वर्ष उजुरीको संख्या, फछ्यौंट संख्या र विस्तृत अनुसन्धानको संख्या देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | आ.व. २०७६।७७ | आ.व. २०७५।७६ |
|---|---|---|---|
| १. | उजुरी संख्या | २४,८९० | २४,०८५ |
| २. | फछ्यौंट संख्या | १६,५८६ | १५,५२७ |
| ३. | फछ्यौंट प्रतिशत | ६६.६४% | ६४.४७% |
| ४. | विस्तृत अनुसन्धानमा गएको | १,११४ | ८८१ |

**अभियोजनसम्बन्धी कार्य/दण्डात्मक कार्य**

- **मुद्दा दायरसम्बन्धी विवरण:** आ.व. २०७६/७७ मा ४४१ मुद्दा सम्मानित विशेष अदालतमा दायर गरिएका छन् । यस आ.व. मा अदालतबाट प्राप्त फैसला मध्ये ८४.८% मुद्दामा भ्रष्टाचारजन्य कसुर कायम भएको छ। गत आ.व.मा दायर भएको मुद्दाको संख्या ३५१ र भ्रष्टाचारजन्य कसुर कायम भएको दर ८८.५% रहेको थियो भने यस्तो कसुर कायम भएको दर यसभन्दा अघिका आ.व.हरुमा ६०%-७०% रहने गरेको देखिन्छ ।

- आ.व. २०७६/७७ को अन्त्यसम्म आइपुग्दा आयोगले दायर गरेको ४४१ वटा मुद्दा आ.व. २०७५/७६ को भन्दा ९०(२५.६%) ले बढी रहेको छ । विभिन्न शिर्षक अन्तर्गत दायर भएका मुद्दाको विवरण देहायबमोजिम छः

| **शिर्षक** | **मुद्दा संख्या** |
|---|---|
| घुस (रिसवत) | २०६ |
| नक्कली शैक्षिक प्रमाण-पत्र | ८५ |
| सार्वजनिक सम्पत्तिको हानि नोक्सानी | ७४ |
| गैरकानूनी लाभहानि | ३६ |
| राजस्व हिनामिना | १२ |
| गैरकानूनी सम्पत्ति आर्जन | १८ |
| विविध | १० |
| **कुल** | **४४१** |

- यस वर्ष दायर भएको कुल ४४१ वटा मुद्दामा कुल प्रतिवादी संख्या १,१९६ रहेको छ, जसमध्ये विशिष्ट श्रेणीका राष्ट्रसेवक कर्मचारी ६ जना, अन्य राष्ट्रसेवक कर्मचारी ८०३ जना, बिचौलिया/मतियार लगायत अन्य ३१५ जना रहेका छन् भने भूतपूर्व उपप्रधानमन्त्री १ जना र भूतपूर्व मन्त्री २ जना सहित निर्वाचित/मनोनित पदाधिकारीहरु जम्मा ७२ जना रहेका छन् ।

- आयोगले दायर गरेको कुल ४४१ वटा मुद्दामध्ये प्रत्येकमा रु. १ करोडभन्दा बढी बिगो कायम गरी दायर भएका मुद्दाको संख्या २८ रहेको छ । यस आ.व. मा दायर भएका मुद्दाहरु मध्ये उच्च पदाधिकारीहरु संलग्न रहेका अनियमितता/भ्रष्टाचार सम्बन्धी विषयका मुद्दाहरुको संख्या उल्लेख्य रहेको छ ।

- गैरकानूनी सम्पत्ति आर्जन तर्फका १८ वटा मुद्दामा जम्मा बिगो १ अर्ब ९ करोड ६१ लाख ९४ हजार एकहत्तर मागदाबी लिइएको छ, जसमा एउटै मुद्दामा १७ करोड ८३ लाख ४१ हजार पाँच सय उनासी बिगो मागदाबी लिइएको छ ।

- यस आ.व.मा जम्मा २९६ कार्यालय खुलेको हिसाबले प्रतिदिन १.५ मुद्दा सम्मानित विशेष अदालतमा दायर भएको छ ।

- **आयोगको ३० वर्षको इतिहासमा सबैभन्दा बढी मुद्दा दायरः**

| क्र.सं. | आर्थिक वर्ष | उजुरीको संख्या | फछ्र्यौट भएका उजुरीको संख्या | अदालतमा दायर गरिएका मुद्दाको संख्या |
|---|---|---|---|---|
| १. | २०४७/४८ | ५६४ | - | - |
| २. | २०४८/४९ | १०६९ | ५८१ | १ |
| ३. | २०४९/५० | १०५० | ६१८ | ५ |
| ४. | २०५०/५१ | १०२० | ५२६ | ७ |
| ५. | २०५१/५२ | १००३ | ६३६ | १ |
| ६. | २०५२/५३ | १०८५ | ७११ | २ |
| ७. | २०५३/५४ | १५०१ | ७५० | ११ |
| ८. | २०५४/५५ | १६०६ | ९२० | ७ |
| ९. | २०५५/५६ | १३१३ | ८६१ | १० |
| १०. | २०५६/५७ | ८५९ | ४९८ | ५ |
| ११. | २०५७/५८ | १२६१ | ६९८ | २६ |
| १२. | २०५८/५९ | २५२२ | २०१५ | ४१ |
| १३. | २०५९/६० | ३९६६ | २४८१ | १४७ |
| १४. | २०६०/६१ | ३७३२ | ३१८८ | १०५ |
| १५. | २०६१/६२ | ४७५९ | ३७०९ | ११३ |
| १६. | २०६२/६३ | ४३२४ | ३३५३ | ११४ |
| १७. | २०६३/६४ | ३५६४ | २९७६ | ११५ |
| १८. | २०६४/६५ | २७३२ | २१३५ | ६५ |
| १९. | २०६५/६६ | ४१४९ | ३३०३ | ५० |
| २०. | २०६६/६७ | ४२९५ | ३०६७ | २७ |
| २१. | २०६७/६८ | ६१४५ | ३९०४ | ६७ |
| २२. | २०६८/६९ | ८८३९ | ५४६६ | १११ |
| २३. | २०६९/७० | ११२९८ | ६६७२ | ९३ |
| २४. | २०७०/७१ | २२६०२ | १२८९२ | १६८ |
| २५. | २०७१/७२ | ३१२१३ | २१६४८ | ३०३ |
| २६. | २०७२/७३ | २४६९१ | १६६९४ | १४४ |
| २७. | २०७३/७४ | १९५८० | ११८६१ | १५४ |
| २८. | २०७४/७५ | १९४८८ | १२४०० | १९४ |
| २९. | २०७५/७६ | २४०८५ | १५५२७ | ३५१ |
| ३०. | २०७६/७७ | २४८९० | १६५८६ | ४४१ |
| | | | **जम्मा** | २८७८ |

## घुस/रिसवत (Sting) कारबाही

- यस आ.व.मा कुल घुस/रिसवत (Sting) कारबाहीको संख्या १८१ रहेकोमा घुस/रिसवत (Sting) कारबाहीमा परेका २७७ व्यक्तिमध्ये कुल राष्ट्रसेवक कर्मचारी २०८ रहेको, जसमध्ये २ जना विशिष्ट श्रेणीका राष्ट्रसेवक कर्मचारी रहेका छन् भने २०६ जना अन्य राष्ट्रसेवक कर्मचारी रहेका छन् । त्यसैगरी, ५५ जना बिचौलिया/मतियार र १४ जना निर्वाचित/मनोनित पदाधिकारी परेका छन् । यस आ.व. मा जम्मा २९६ कार्यालय खुलेको हिसाबले प्रतिदिन ०.९४ व्यक्ति घुस/रिसवत (Sting) कारबाहीमा परेका छन् । घुस/रिसवत (Sting) कारबाहीको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | पद/श्रेणी | कारबाहीमा परेका व्यक्तिको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | अप्राविधिक | प्राविधिक | प्रहरी | शिक्षक | अदालत |
| १. | विशिष्ठ श्रेणी | २ | १ | १ | | | |
| २. | सहसचिव वा सो सरह | | | | | | |
| ३. | उपसचिव वा सो सरह | १३ | १० | १ | | ३ | |
| ४. | शाखा अधिकृत वा सो सरह | ५३ | २६ | २० | ६ | १ | |
| ५. | नायब सुब्बा वा सो सरह | ६९ | ४१ | १८ | ८ | १ | १ |
| ६. | खरिदार वा सो सरह | २७ | १६ | २ | ९ | | |
| ७. | जुनियर कर्मचारी | २८ | १ | २ | २५ | | |
| ८. | कार्यालय सहयोगी वा सो सरह | १६ | १५ | | | १ | |
| | **राष्ट्रसेवक कर्मचारी जम्मा** | **२०८** | **११०** | **४४** | **४८** | **६** | **१** |
| ९. | निर्वाचित/मनोनित पदाधिकारी | १४ | | | | | |
| १०. | बिचौलिया लगायत अन्य व्यक्ति | ५५ | | | | | |
| | **कुल जम्मा** | **२७७** | | | | | |

**पुनरावेदन र पुनरावलोकनसम्बन्धी कार्यः** कसुरबाट सफाइ पाएको मुद्दाहरु मध्ये यस आ.व. मा २० वटा मुद्दामा आयोगले पुनरावेदन र २ वटा मुद्दामा पुनरावलोकन गरेको छ ।

**प्रवर्द्धनात्मक/निरोधात्मक क्रियाकलाप**

आयोगले दण्डात्मक कार्यका साथसाथै भ्रष्टाचार नियन्त्रणका लागि गरेका प्रवर्द्धनात्मक तथा निरोधात्मक क्रियाकलापहरु देहाय बमोजिम रहेका छन् ।

- आयोगले सरकारी/सार्वजनिक निकायले प्रवाह गर्ने सेवालाई कसरी छिटोछरितो, पारदर्शी र सुशासनयुक्त बनाउन सकिन्छ भन्ने उद्देश्यका साथ आ.व. २०७६/७७ देखि नेपाल टेलिभिजनसँग सहकार्य गरी प्रत्येक हप्ता नेपाल टेलिभिजनमा *सुशासन सवाल* कार्यक्रम प्रशारण गर्दै आएको छ । आ.व. मा २०७६/७७ उक्त कार्यक्रमको ५२ श्रृङ्खला साप्ताहिक रुपमा नेपाल टेलिभिजनमा प्रशारण भएको ।
- स्थानीय तह तथा जिल्लामा आयोजना गरिएका ४६ वटा अन्तरक्रिया/गोष्ठी कार्यक्रममा जम्मा ५४१४ जनाको सहभागिता रहेको थियो । उक्त अन्तरक्रिया/गोष्ठीमा कार्यक्रमहरु मध्ये सुनसरी, इलाम, मकवानपूर, धादिङ्ग, दोलखा, रामेछाप, स्याङ्जा, तनहुँ, गोरखा, नवरपरासी, रुपन्देही, बझाङ, दार्चुला र वैतडीमा आयोजित कार्यक्रमहरुमा आयोगका पदाधिकारीको सहभागिता रहेको थियो । त्यसैगरी, ३० वटा सामुदायिक शिक्षा कार्यक्रमहरुमा २९८४ जनाको सहभागिता रहेको थियो ।

- स्थानीय तहहरुले प्रयोग गरेका नीतिगत तथा कानूनी अधिकार, कार्यगत तथा सञ्चालन भएका लक्षित कार्यक्रमहरु, सार्वजनिक सेवा प्रवाह तथा पूर्वाधार निर्माण सम्बन्धमा आयोग तथा मातहात कार्यलयहरुमा परेका उजुरीहरुलाई छानविन अनुसन्धान तथा तहकिकात गर्दा देखिएका विभिन्न समस्याहरुलाई अध्ययन विश्लेषण गरी आयोगले विभिन्न ६१ वटा बुँदामा सुझावहरु दिइएको ।
- आयोगको आयोजना एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं ५ को समन्वयमा भ्रष्टाचार नियन्त्रण एवं सुशासन प्रवर्द्धनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रदेश सरकारको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम बुटवल र कावासोतीमा सम्पन्न भएको ।
- कृषियोग्य जग्गाको खण्डीकरण नियन्त्रण सम्बन्धी बिषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सुझाव लेखि पठाइएको ।
- नेपाल सरकारको लगानीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहत प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजनाको अवस्था सम्बन्धी अध्ययन विश्लेषण प्रतिवेदन तयार गरी सुझावहरु दिइएको।
- नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्र टेकुको साझेदारीमा सार्वजनिक निजी अवधारणामा संचालित एक जिल्ला एक उत्पादन कार्यक्रम (One District One Product) को कार्यान्वयन अवस्था सम्बन्धी अध्ययन विश्लेषण प्रतिवेदन तयार गरी सुझावहरु दिइएको ।
- गत आ.व. मा १८४८ वटा रुग्ण ठेक्कासम्बन्धी अध्ययन विश्लेषण गरी सुझावसहितको प्रतिवेदन सम्बन्धित निकायमा पठाएकोमा यस आ.व.मा सो सुझावको कार्यान्वयन सहित सुझावहरुको प्रभावकारीता समेत बुझ्ने ध्येयले रुग्ण ठेक्कासम्बन्धी अध्ययन विश्लेषण गरी थप २७ वटा सुझावहरु दिइएको ।
- अख्तियार बुलेटिनलाई परिस्कृत गरी इ-बुलेटिनको रुपमा आयोगको वेबसाइटमा प्रकाशन गरेको र स्मारिका प्रकाशन गरी वितरण गरिएको ।
- भ्रष्टाचार विरुद्धको अन्तराष्ट्रिय दिवस (डिसेम्बर ९) र अख्तियार दिवस (माघ २८) मा कार्यक्रम आयोजना गरिएको ।
- विभिन्न तहका विद्यार्थीहरुलाई लक्षित गरी वक्तृत्वकला र कविता प्रतियोगिता आयोजना गरिएको।

**संस्थागत सुदृढीकरणतर्फका प्रयासः**

आ.व. २०७६/७७ मा संस्थागत सुदृढीकरणतर्फ देहाय बमोजिमका प्रयास भएका छन्:

- आफ्नो काम कारबाहीलाई थप व्यवस्थित, परिणाममुखी र समयसापेक्ष बनाउन आयोगले यस वर्ष नयाँ ५ वर्षे संस्थागत रणनीतिक योजना (२०७६/७७-२०८०/८१) सार्वजनिक गरेको छ । भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माण गर्ने दूरदृष्टि बोकेको आयोगको नयाँ रणनीतिले उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकास गरी चार रणनीति अवलम्बन गरेको छ ।

- आयोगमा कार्यरत कर्मचारीहरुको अनुसन्धान तथ अभियोजन क्षमता अभिवृद्धिका लागि आ.व. २०७६/७७ मा संचालित वैदेशिक तालिम, प्रशिक्षण लगायतका कार्यक्रमहरुमा ७३ जना र स्वदेशमा आयोग र अन्यत्र संचालन भएका ७ वटा तालिमहरुमा १७४ जनाको सहभागिता रहेको थियो ।

**आयोगको अपेक्षाः**

आ.व. २०७६/७७ मा आयोगले भ्रष्टाचार विरुद्धको आफ्नो संवैधानिक जिम्मेवारी निर्वाह गर्ने क्रममा विभिन्न सरोकारवालाहरुको उल्लेखनीय साथ र सहयोग प्राप्त गरेको थियो । आगामी दिनहरुमा समेत नेपाल सरकार र सम्बद्ध निकायहरु, संचारकर्मी एवम् संचारमाध्यम, नागरिक समाज लगायत भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन गर्ने कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा आबद्ध सम्पूर्ण सरोकारवालाहरुको सहयोग र सहकार्यको अपेक्षा आयोगले गरेको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला